२०८१ सालको विधेयक नं.२

# डिलासैनी गाउँपालिकाको विनियोजन ऐन, २०८१

गाउँ सभामा पेश भएको मिति :२०८०।०३।१०
स्वीकृत मिति:२०८०।०३।१०

डिलासैनी गाउँपालिका

डिलासैनी गाउँपालिका

**डिलासैनी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक**

**२०८१ सालको विधेयक नं.२**

**प्रस्तावना:**डिलासैनी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम डिलासैनी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "डिलासैनी गाउँपालिकाको विनियोजन ऐन,२०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष२०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, बित्तिय व्यवस्थाको रकम र अनुमानित सामाजिक सुरक्षा रकम समेत गरी जम्मा रकम **रु.६०,८३,४०,०००।- (अक्षेरुपी साठी करोड त्रियासी लाख चालिस हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त डिलासैनी गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने बजेट उपशीर्षकबाट नपुगहुने उपशीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर,चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । एउटै बजेट उपशीर्षक भित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा कार्यपालिकाले जतिपनि रकम रकमान्तर गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक बजेट उपशीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

डिलासैनी गाउँपालिका

**अनुसूची-१**
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
**<u>संञ्चित कोषबाट विनियोजन हुने रकम</u>**

| संकेत नं. | शीर्षक | आ.व.२०८१/०८२ को अनुमान रु हजारमा |
|---|---|---|
| **१०** | **आर्थिक विकास** | **25257** |
| १०१० | कृषि पशु | 10000 |
| १०२० | उद्योग तथा वाणिज्य | 2800 |
| १०३० | पर्यटन | 4000 |
| १०४० | सहकारी | 1000 |
| १०५० | वित्तीय क्षेत्र | 5000 |
| **२०** | **सामाजिक विकास** | **324597** |
| २०१० | शिक्षा | 239992 |
| २०२० | स्वास्थ्य | 31060 |
| २०३० | खानेपानी तथा सरसफाइ | 44500 |
| २०४० | संस्कृति प्रवर्द्धन | 2000 |
| २०५० | युवा, खेलकुद तथा मनोरञ्जन | 3910 |
| २०६० | बहुक्षेत्रीय पोषण कार्यक्रम | 1135 |
| [,][२०७० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | 2000 |
| **३०** | **पूर्वाधार विकास** | **55100** |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | 46000 |
| ३०२० | सिंचाई | 4000 |
| ३०३० | भवन तथा सहरी विकास | 1100 |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | 4000 |
| ३०५० | सञ्चार | |

| | | |
|---|---|---|
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | **10500** |
| ४०१० | वन तथा भु-संरक्षण | 1500 |
| ४०२० | जलाधार संरक्षण | 3000 |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | 4000 |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | 2000 |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | |
| ४०६० | विपद व्यवस्थापन कोष | |
| ४०७० | वारुण यन्त्र सञ्चालन | |
| **५०** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **192886.000** |
| ५०१० | सामान्य सेवा कर्मचारी पदाधिकारी तलब | 33222.00 |
| ५०२० | कर्मचारी कल्याणकारी कोष | 2500 |
| ५०३० | सूचना प्रविधि | 2000 |
| ५०४० | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | 475 |
| ५०५० | सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण तथ्याङ्क प्रणाली र अभिलेख व्यवस्थापन | 123099 |
| ५०६० | सुशासन प्रवर्द्धन | 2590 |
| ५०७० | अनुसन्धान तथा विकास | 1000 |
| ५०८० | अन्यत्र वर्गिकृत नभएको | |
| **५०९०** | **वडा कार्यालयलाई अनुदान** | |
| **५०९१** | **समपुरक कोष** | **28000.000** |
| | **जम्मा** | **608340.000** |